**भानुभक्त आचार्य र श्याम शर्मा, सं. । सन् २०२२ । *ग्लोबल पर्स्पेक्टिभ्स अन जर्नलिजम् इन नेपाल : नेप्लिज न्यूज मिडिया इन द ट्वेन्टीफर्स्ट सेन्चुरी* । एबिङ्डन : रुटलेज ।**

*ग्लोबल पर्स्पेक्टिभ्स अन जर्नलिजम् इन नेपाल : नेप्लिज न्यूज मिडिया इन द ट्वेन्टीफर्स्ट सेन्चुरी* नेपाली पत्रकारिताबारे विभिन्न लेखकका लेखको सँगालो हो । भानुभक्त आचार्य र श्याम शर्माले सम्पादन गरेको यो पुस्तकमा समावेश सबैजसो लेख अनुसन्धानमा आधारित छन् । यो पुस्तकमा २० जना लेखकका १८ ओटा लेख समेटिएका छन् । तीमध्ये १० ओटा लेख एकल र अरू संयुक्त रूपमा लेखिएका छन् । पहिलो लेखमा सम्पादकद्वयले नेपाली पत्रकारिताको विकास र २१ औँ शताब्दीमा समाचार मिडियालाई हेर्ने दृष्टिकोण प्रस्तुत गरेका छन् । नेपाली पत्रकारिताको सैद्धान्तिक र व्यावहारिक पक्षबारे आलोचनात्मक विमर्श निर्माणका लागि यो पुस्तक प्रकाशनमा ल्याइएको उनीहरूको दावी छ । अन्तिम लेखमा सम्पादकद्वयले नेपालको पत्रकारिता अध्ययनको क्षेत्रमा यो पुस्तक

एउटा कोसेढुंगा भएको दावी समेत गरेका छन् । यो पुस्तकमा प्रकाशित लेखहरूलाई पत्रकारिताको व्यावसायिक, प्राज्ञिक, सामाजिक-राजनीतिक र प्राविधिक दृष्टिकोण गरी चार खण्डमा वर्गीकृत गरिएको छ ।

पहिलो खण्डमा नेपालको पत्रकारिताको व्यावसायिक दृष्टिकोण समेटिएका चार लेख छन्, जुन मुख्य तीन ओटा विषयमा केन्द्रित छन् । एक, स्वतन्त्र नियामक निकाय । नेपाली मिडियाको नियामक निकाय प्रेस काउन्सिल नेपाल हो । विशेष गरी स्वतन्त्र र उत्तरदायी पत्रकारिताको विकास गर्ने, पत्रकार आचार संहिताको कार्यान्वयन गराउने, र सञ्चार सामग्रीको अनुगमन र मूल्यांकन गर्ने जिम्मेवारी काउन्सिललाई दिइएको छ । तर, प्रेस काउन्सिल स्वायत्त, स्वतन्त्र र शक्तिशाली हुन नसकेको तर्क श्रीमान शर्मा, भानुभक्त आचार्य र समीक्षा कोइरालाको लेखमा गरिएको छ । लक्ष्मण हुमागाईं र तुलसी आचार्यको लेखमा पनि नेपालमा प्रसारण संस्थाको प्रभावकारी नियमनको अभाव भएका कारण रेडियो र टेलिभिजनको प्रसारण अनुमति र फ्रिक्वेन्सी व्यवस्थापनमा कठिनाइ परेको चर्चा छ । नेपालमा स्वतन्त्र नियामक निकायले प्रभावकारी भूमिका खेल्न नसकेको यी दुवै लेखले बताउँछन् । दुई, भगिरथ योगी र जनक कार्कीको अनुसन्धानमूलक लेख डायस्पोरामा नेपाली अनलाइन समाचार पोर्टल र तिनको व्यावसायिकता तथा दिगोपनमा केन्द्रित छ । इन्टरनेटको विस्तारका कारण डायस्पोराबाट नेपाली भाषाका थुप्रै अनलाइन समाचार पोर्टल सञ्चालनमा आएका छन् । तर, तीमध्ये करिब ३० प्रतिशत मात्रै व्यावसायिक रूपमा स्तरीय रहेको र ४० प्रतिशतको व्यावसायिकताको स्तर निकै कमजोर पाइएको विश्लेषण सो लेखमा छ । तीन, रामकृष्ण रेग्मीको लेखमा डिजिटल समाचार कक्षको सीप र क्षमताबारे विवेचना गरिएको छ । यो लेखमा समय-सापेक्ष पत्रकारिताका लागि सञ्चारकर्मीमा अनिवार्य रूपमा मल्टिमिडिया सम्बन्धी सीप र क्षमताको आवश्यकता हुने विषयमा चर्चा गरिएको छ । यसका साथै डिजिटल मिडियाको रफ्तारसँगै तिनको व्यावसायिकता, आर्थिक दिगोपन, तथ्य जाँच, र पत्रकारिताको "वाचडग" भूमिकामा पनि अभिवृद्धि हुँदै जानुपर्ने लेखकको जोड छ ।

दोस्रो खण्डमा पत्रकारिताको प्राज्ञिक दृष्टिकोणसँग सम्बन्धित चार ओटा लेख छन् । नेपालको सन्दर्भमा पत्रकारिताका विविध पक्षबारे प्राज्ञिक दृष्टिकोणबाट अध्ययन, बहस र विमर्श गर्न आवश्यक छ । यद्यपि, यो खण्डका लेखले पत्रकारिताको प्राज्ञिक विमर्शका केही अंशलाई मात्र समेटेका छन् । भानुभक्त आचार्य र श्याम शर्माको पत्रकारिता शिक्षामा केन्द्रित लेखमा विश्व पत्रकारिता शिक्षा परिषद्को ११ बुँदे घोषणापत्र र युनेस्कोले तयार पारेको पत्रकारिताको नमूना पाठ्यक्रमलाई आधार बनाएर नेपालको पत्रकारिता शिक्षाको आलोचनात्मक टिप्पणी गरिएको छ । मूलतः पत्रकारिता शिक्षामा विषयगत विविधता हुनुपर्ने, सैद्धान्तिक र व्यवहारिक ज्ञानको तादात्म्य हुनुपर्ने र समय अनुसार पाठ्यक्रम

अद्यावधिक गर्नुपर्ने कुरामा यो लेखले जोड दिएको छ । तर, नेपालको पत्रकारिता शिक्षामा यी तीनै पक्ष कमजोर छन् । यही खण्डमा विकास पत्रकारिताको सैद्धान्तिक पक्ष र अभ्यासबारे विवेचना गरिएको सुजिना शाक्य र पीयूष मिश्रको लेख पनि छ । विकास पत्रकारितालाई विकासमा सामुदायिक सहभागिता, सामाजिक न्याय र संरचनागत समानता, सामाजिक रूपान्तरण, र विकास साझेदारहरू बीचको साझेदारीमा जोड दिने वैकल्पिक मोडेलका रूपमा लेखमा व्याख्या गरिएको छ । तर, नेपालमा विकास पत्रकारिताले ती सैद्धान्तिक मान्यतालाई आत्मसात् गरी प्रभावकारी अभ्यास गर्न नसकेको तर्क उनीहरूले गरेका छन् । यसै गरी, कुन्दन अर्यालको लेखमा कोभिड-१९ ले नेपालका व्यावसायिक पत्रकारमा पारेको असरबारे चर्चा छ । त्यति बेला पत्रकार डर, त्रास र जोखिमको मात्रै होइन, डिप्रेशनको समेत शिकार हुन पुगेको तथ्यलाई उनले लेखमा देखाएका छन् । कोभिड-१९ र त्यस पछिको मिथ्या सूचना/दुष्प्रचारको सन्दर्भमा लेखिएको कवि अधिकारीको लेखमा इन्टरनेटको विकाससँगै बढ्दै गएको दुष्प्रचारले युवाका साथै सञ्चारगृह र पत्रकार पनि पीडित भएको उल्लेख गरिएको छ । यस्ता दुष्प्रचारले मानसिक, शारीरिक एवं भावनात्मक रूपमा चोट पुऱ्याइरहेको हुँदा त्यसलाई रोक्ने/निगरानी गर्ने संयन्त्र जरुरी भएको तर्क उनको छ ।

तेस्रो खण्ड पत्रकारिता र सामाजिक-राजनीतिक दृष्टिकोणसँग सम्बन्धित छ । समाजका आधारभूत चरित्र, अन्तर्विरोध, सामाजिक-राजनीतिक शक्ति-सम्बन्ध आदिलाई पत्रकारिताको सैद्धान्तिक दृष्टिकोण र व्यावहारिक अभ्यासको कोणबाट हेरिनुपर्छ । अझ, नेपाल जस्तो विविधता र अनगन्ती विभेद भएको देशमा मिडियाको स्वामित्व, संरचना र विषयवस्तुबारे विमर्श हुन जरुरी छ । यो खण्डमा समावेशमध्ये समीक्षा कोइरालाको लेखले नेपालका मूलधारका पत्रपत्रिकाले महिलाका मुद्दा र सहभागितालाई केन्द्रमा राखेको छ । अनुसन्धानमा आधारित यो लेखमा सन् १९९४ र २०१९ को *कान्तिपुर* र *गोरखापत्र* दैनिकमा एक वर्षको अवधिमध्ये १२ दिन (प्रत्येक महिनाको एक दिन) को समाचार अध्ययनबाट प्राप्त तथ्य र तथ्यांक प्रस्तुत गरिएको छ । लेखमा ती पत्रपत्रिकामा लैंगिक मुद्दाले प्राथमिकता पाउँदै गएको र पत्रकार महिलाको बाइलाइन ६ प्रतिशतबाट बढेर २२ प्रतिशत पुगेको उल्लेख छ । तथापि, लैंगिक अन्तरसम्बद्धताको कोणबाट हेर्दा दलित, मुश्लिम र सीमान्तकृत महिलाको मिडियामा प्रतिनिधित्व हुने र समेटिने विषय प्राथमिकतामा नपर्ने गरेको विश्लेषण कोइरालाको छ । यसै गरी, लेखनाथ पाण्डेको लेखमा एकतिर राज्यको स्वामित्वमा रहेका मिडियामा प्रेस स्वतन्त्रता नहुने र अर्कोतिर त्यस्ता मिडियाको नीति-निर्माण गर्ने, संरचनागत स्वरूप निर्माण गर्ने, पत्रकार नियुक्ति गर्ने र नियमन गर्ने सबै काममा राज्यको संलग्नता हुने भएकोले तिनको प्राथमिकता पनि राज्य नै हुने

निष्कर्ष दिइएको छ । यस्ता मिडियामा व्यापक राजनीतिक प्रभाव हुने र विश्वसनीयता पनि कम हुने कुरा उदाहरण सहित पाण्डेले यस लेखमा पेश गरेका छन् ।

सोही खण्डमा समेटिएको उषाकिरण गिरीको लेखले नेपालको खोज पत्रकारिताले भ्रष्टाचार, शक्तिको दुरुपयोग, अनियमितता, सामाजिक असमानता र अन्याय जस्ता विषयमा नयाँ-नयाँ तथ्य उजागर गरेको चर्चा गर्छ । सुडान घोटाला काण्ड, वाइड बडी काण्ड, नेपाल लीक जस्ता महत्त्वपूर्ण विषयमा खोज पत्रकारिता भएको व्याख्या लेखमा छ । तर, नेपालमा खोज पत्रकारिता प्रवर्धनका लागि सञ्चारगृहमा खोज पत्रकारिता हेर्ने छुट्टै निकाय नभएको, सञ्चारगृहले खोज पत्रकारिताका लागि आवश्यक स्रोत-साधन र प्रोत्साहन नगरेको, र जोखिमपूर्ण काम गरिरहेका खोज पत्रकारलाई राज्य शक्ति र राजनीतिक आडमा हुने धम्की वा त्रास बीचमा काम गर्नुपर्ने परिस्थिति रहेकाले खोज पत्रकारले निकै चुनौतीको सामना गर्नु परेको विषय उनले लेखमा समावेश गरेकी छन् । यसै गरी, सन्देश दास श्रेष्ठको लेखले नेपालमा सञ्चालनमा रहेका सामुदायिक र व्यापारिक रेडियोको निरन्तरता, आर्थिक व्यवस्थापन र स्रोता सँगको संलग्नता बढाउने चुनौतीको सामना गर्नसक्ने क्षमता बढाउनुपर्ने विषयलाई समेटेको छ ।

चौथो खण्डमा पत्रकारितालाई प्रविधिको विकासको दृष्टिकोणबाट हेर्ने प्रयत्न गरिएको छ । पुस्तकका अन्य खण्डमा पनि अनलाइन र डिजिटल प्रविधिबारे चर्चा गरिएको छ, तथापि यो पत्रकारितालाई प्रविधिको दृष्टिकोणबाट नियाल्ने खण्ड हो । यो खण्डमा समावेशमध्ये हर्षमान महर्जनको लेखमा नेपालका पत्रपत्रिकाको डिजिटल रूपान्तरणका सन्दर्भमा विस्तृत व्याख्या गरिएको छ । पत्रपत्रिकाको डिजिटल रूपान्तरणलाई आशा-निर्देशित र अनिश्चय-निर्देशित नवीनताको अवधारणाबाट महर्जनले यस लेखमा व्याख्या गरेका छन् । यो अवधारणाले नेपालको डिजिटल मिडियाको सन्दर्भमा बहसका नयाँ ढोका खोलिदिएको छ । यसै गरी, परम्परागत मिडियाले कसरी सामाजिक सञ्जालको प्रयोग गरेर समाचार शेयर गरिरहेका छन् भन्ने सवालमा नर्वे र नेपालको तुलनात्मक अध्ययनमा विमला थपलियाको लेख आधारित छ । नर्वे र नेपालका परम्परागत छापा माध्यमले पाठकसम्म पहुँच विस्तारका लागि अनलाइन प्लेटफर्म र सामाजिक सञ्जालको प्रयोग गर्नैपर्ने बाध्यात्मक स्थिति निर्माण भएको र यसले पाठकको समाचार पढ्ने बानीमा समेत परिवर्तन ल्याएको सन्दर्भ यो लेखमा थपलियाले उल्लेख गरेकी छन् । यसै गरी, प्रवेश सुवेदीको लेखले अनलाइन समाचार मिडियाको दिगोपनका लागि वित्तीय मोडेलबारे चर्चा गर्छ । विज्ञापन, सब्स्क्रिप्शन वा बिक्रीको र विभिन्न व्यक्ति, सहयोगी तथा शुभचिन्तकको आर्थिक स्रोत संकलनबाट समेत अनलाइन मिडिया सञ्चालन हुने मोडेलको लेखमा प्रस्ताव पेश गरिएको छ । यही खण्डमा सामाजिक सञ्जालको व्यापक प्रयोगमध्ये कृषि

सेवाको विस्तारमा अपनाइएको प्रयोगबारे रामहरि तिमिल्सिना र पूर्णबहादुर नेपालीको अनुसन्धानमूलक लेख पनि समावेश छ ।

नेपालमा विगतदेखि नै पत्रकारिताका बहुआयामिक पक्षबारे अध्ययन, अनुसन्धान र प्रकाशन हुँदैआएका छन् । यो पुस्तक पनि मूलतः नेपाली पत्रकारिताको प्राज्ञिक बहसकै निरन्तरता हो । यो पुस्तकले पत्रकारिताको सैद्धान्तिक बहसमाथि नयाँ आयाम थप्ने वा नयाँ सैद्धान्तिक विमर्श नै गराउने विषयवस्तु भने समावेश गरेको छैन । विशेष गरी, २१ औँ शताब्दीमा संसारभरि अर्थ-राजनीतिक रूपान्तरण, राजनीतिक द्वन्द्व, प्रविधिको विकास, नयाँ-नयाँ संकटको सिर्जना भएको परिवेशमा पत्रकारितासँग सम्बन्धित नयाँ सैद्धान्तिक दृष्टिकोणबारे विमर्श भइरहेका हुन सक्छन् । तर, यो पुस्तकमा ती विषयवस्तुले पर्याप्त स्थान पाएका छैनन् ।

यसै गरी, यो पुस्तकमा पत्रकारिताको प्राज्ञिक दृष्टिकोणलाई नै केन्द्रमा राखेर छुट्टै खण्ड समावेश गरिएको छ । पत्रकारिताको प्राज्ञिक दृष्टिकोणका सन्दर्भमा पत्रकारिता अध्ययन-अध्यापन हुने प्राज्ञिक संस्था, संस्थागत संरचना, पाठ्यक्रम, प्राज्ञिक ज्ञान उत्पादनको अवस्थालाई छुटाउनु हुँदैन । पुस्तकमा २१ औँ शताब्दीमा नेपाली पत्रकारिता शिक्षाका सन्दर्भमा एउटा मात्र लेख प्रकाशित छ । तर, पत्रकारितासँग सम्बन्धित शैक्षिक संस्थागत रूपान्तरण, पाठ्यक्रममा गरिनु पर्ने व्यापक सुधार र प्राज्ञिक ज्ञान उत्पादनका क्षेत्रमा गरिनुपर्ने आमूल रूपान्तरणको सवालमा आलोचनात्मक दृष्टिकोण सहितका लेख भने समावेश छैनन् । त्यसै गरी, पुस्तकको एउटा खण्ड सामाजिक-राजनीतिक दृष्टिकोणमा केन्द्रित छ । केही लेखमा नेपाली पत्रकारितालाई आलोचनात्मक दृष्टिकोणबाट विश्लेषण गर्ने कोसिस गरिएको छ । पत्रकारिता र महिलाको सवाललाई पुस्तकमा एक हदसम्म समावेश गरिएको छ । राज्यलाई उत्तरदायी बनाउन मिडियामा राज्यको लगानी हुन नहुने विषय समेटिएको लेख पनि प्रकाशित छ ।

पत्रकारितालाई सामाजिक-राजनीतिक दृष्टिकोणबाट हेर्ने हो भने नेपाली समाजको आधारभूत चरित्र, सामाजिक शक्ति-सम्बन्ध, राजनीतिक पर्यावरण र शक्ति अभ्यासको परिवेशलाई पत्रकारिताको कोणबाट कसरी हेर्ने भन्ने दृष्टिकोणको जरुरी हुन्छ । नेपालको सन्दर्भमा जातजाति, समुदाय, भाषा, लिंग, संस्कृतिका आधारमा पत्रकारिता क्षेत्रमा पनि विभेद हुने गरेका छन् । त्यस्तो विभेदकारी शक्ति-सम्बन्धको रूपान्तरणका लागि मिडियाले कस्तो भूमिका खेलिरहेका छन् ? राज्यलाई जवाफदेही बनाउने र सामाजिक न्याय सहितको समाज निर्माण गर्ने हो भने त्यो देशको पत्रकारिता शिक्षा, मिडिया सम्बन्धी नीति, मिडियाको संरचना र अन्तर्वस्तु कस्तो हुनुपर्छ ? समाज रूपान्तरणका लागि भूमिका खेल्ने मिडियाको रूपान्तरण कसरी गरिनुपर्छ भन्ने जस्ता प्रश्नलाई छोडेर पत्रकारिताको सामाजिक-राजनीतिक दृष्टिकोणबारे विमर्श अपूर्ण हुन्छ । तर, यो पुस्तकमा सामाजिक

विविधताको सवाललाई खासै ध्यान दिइएको छैन । पुस्तकमा समाविष्ट लेखकहरूको सूची हेर्दा पनि समावेशी ज्ञान उत्पादन वा प्रकाशनलाई पर्याप्त ध्यान दिइएको देखिँदैन । यो पुस्तकका २० जना लेखकमध्ये १५ पुरुष र पाँच महिला छन् । जातजाति र समुदायको कोणबाट हेर्दा १६ खस-आर्य, तीन नेवार र एक दलित छन् ।

यो पुस्तक पत्रकारिताबारे गरिएको प्राज्ञिक कामको उपज हो । यस्ता प्राज्ञिक ज्ञान उत्पादनको प्रक्रियालाई जति धेरै समावेशी बनाइन्छ, त्यति नै धेरै उत्पादित ज्ञानको दायरा पनि फराकिलो हुन्छ । पुस्तकमा ज्ञानको दायरालाई फराकिलो पार्ने कि नपार्ने र विविधतालाई समेट्ने वा नसमेट्ने भन्ने कुरा मूलतः सम्पादकको दृष्टिकोणमा निर्भर हुन्छ । यसको अर्थ नेपाली समाज बुझ्न र रूपान्तरण गर्न पत्रकारिताको कोणबाट यो पुस्तक पनि अपूर्ण र एकांगी छ ।

समग्रमा, यो नेपाली पत्रकारिताका सन्दर्भमा प्रकाशित प्राज्ञिक पुस्तक हो जसले नेपाली पत्रकारितालाई बहुआयामिक दृष्टिकोणबाट हेर्न मद्दत गर्छ ।

**जेबी विश्वकर्मा**
डिग्निटी इनिसिएटिभ